सम्पर्क नं. - ०२१-४१४०५१
०२१-४१४०५२

# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ

प्रदेश नं १, नेपाल

प.सं. – २०७५/०७६
च.नं. - 2063

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ १ नं. प्रदेश, नेपाल

मिति: २०७५/१२/२२

**विषय: जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्वन्धमा ।**

**श्री वडा कार्यालय ( सबै ),**
**रतुवामाई नगरपालिका,मोरंग ।**

विद्यमान नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न पेश भएको विधेयक संघीय संसदमा बिचाराधीन रहेको लामो समय भएको, सम्मानित सर्वोच्च अदालतवाट जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई कानून बमोजिम नागरिकता दिन आदेश भएको र नागरिकका उमेर पुगिसकेका बालिग सन्तानले नागरिकता नपाएर आफ्नो शैक्षिक एवं वृत्ति विकास गर्न नपाई झेलिरहनु परेको समस्यालाई संवोधन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्था बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनु पर्ने कार्यविधि प्रक्रिया अपनाई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने भनी यस मन्त्रालयबाट मिति २०७५/१२/१९ मा(मा. मन्त्रीस्तर) निर्णय भएकोले निर्णयानुसार गर्नु हुन अनुरोध गर्दछु भनी जिल्ला प्रशासन कार्यालय,मोरंग , विराटनगरको च.नं.: ५६५८, मिति:२०७५/१२/२० को पत्रबाट लेखि आएको हुँदा सोही अनुसार गर्नुहुन अनुरोध छ ।

२०७५।१२।२२
.................................
मदन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इमेल(Email): ratuwamaimunicipalityinfo@gmail.com
वेबसाइट(website): www.ratuwamaimun.gov.np